# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, कार्तिक महिना १० गते २०७६ साल (अतिरिक्ताङ्क २०**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७६ सालको कार्यविधि नं. १६

**कार्यविधिको नाम** : अन्य स्थानीय तहमा स्थायी ठेगाना भएको "व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, **२०७५**" (प्रथम संशोधन २०७६)

| क.सं | हालको व्यवस्था | संशोधन गरि कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | **दफा ३ मा भएको व्यवस्था**<br>नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नुअघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ । यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नुपर्ने छ । | **दफा ३ मा हुने व्यवस्था**<br>नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नुअघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ । यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु | प्रावधान थप गर्न आवश्यक देखिएकोले । |
| २ | **दफा ९ को उपदफा (२) मा** | | |

| | | | |
|---|---|---|---|
| | **भएको व्यवस्था**<br>उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले फिल्डमा गइ आवश्यक जाँचबुझ समेत गरि संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे बापत रु. १०००।– थप दस्तुर लिइ विवरण संशोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ । व्यवसाय दर्ता भएको ३५ दिनभित्र कार्यालयबाट कर्मचारी फिल्डमा नगइ कुनै विवरण हेरफेर गर्नुपर्ने अवस्था रहेमा नि:शुल्क सेवा दिनुपर्नेछ । तर ३५ दिन कटेको अवस्थामा फिल्डमा नभइ जुनसुकै विवरण हेरफेर गर्दा समेत दस्तुर रु. १०००। लाग्नेछ । | समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नुपर्ने छ । अन्यत्र स्थायी ठेगाना भइ व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुको यस तिलोत्तमा नगरपालिका क्षेत्रभित्र व्यवसायिक कारोवार रहेमा वा व्यवसायिक कारोवार गर्न चाहेमा पनि यस नगरपालिका कार्यालयमा यस कार्यविधि बमोजिम दर्ता गरि व्यवसायिक कारोवार गर्नुपर्नेछ । माथि जुनसुकै कुरा उल्लेख भएतापनि निर्माण व्यवसायीहरुले टेन्डर खरिद प्रक्रियाको हकमा व्यवसाय दर्ता गरिरहन आवश्यक रहनेछैन ।<br>**दफा ९ को उपदफा (२) मा हुने व्यवस्था**<br>उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले फिल्डमा गइ आवश्यक जाँचबुझ समेत गरि संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे बापत रु. १०००।– थप दस्तुर लिइ विवरण संशोधन | |

| | | | |
|---|---|---|---|
| | | गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ । तर व्यवसाय दर्ता भएको ३५ दिनभित्र कार्यालयबाट कर्मचारी फिल्डमा नगइ कुनै विवरण हेरफेर गर्नुपर्ने अवस्था रहेमा निःशुल्क सेवा दिनुपर्नेछ । तर ३५ दिन कटेको अवस्थामा फिल्डमा नभइ जुनसुकै विवरण हेरफेर गर्दा समेत दस्तुर रु. ५००। लाग्नेछ | |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/०७/१०**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**